वि.सं. २०३९ सालदेखि निरन्तर प्रकाशित

www.bhanjyangnews.com

# भञ्ज्याङ

BHANJYANG NATIONAL DAILY राष्ट्रिय दैनिक








## रानी वनबाट घाँसकाटेर फर्कदै ८४ वर्षीया मनकुमारी

उमेर ८४ वर्ष पुग्दा धेरैजसो मानिस विश्रामको खोजीमा हुन्छन् । तर तनहुँको बन्दीपुरकी मनकुमारी थापा भने अझै पनि दैनिक जीवनका काममा उत्तिकै सक्रिय छिन् । बन्दीपुरस्थित रानी वनबाट उनी आफैं घाँस काटेर घर ल्याउने गर्छिन् । उमेरले पाका भए पनि उनको जोस, जाँगर र मेहनत गर्ने बानीमा कुनै कमी आएको छैन । बन्दीपुरकै सबैभन्दा ठूलो र घना जङ्गल मानिने रानी वनसम्म पुगेर घाँस काट्नु सामान्य काम होइन । तर मनकुमारीले वर्षौंदेखि यही दैनिकीलाई निरन्तरता दिंदै आएकी छन् । उनको सक्रियता देखेर स्थानीयवासी पनि प्रेरित हुने गरेका छन् । मनकुमारीको जीवनशैलीले नियमित श्रम, सक्रिय दिनचर्या र आत्मनिर्भरताले मानिसलाई वृद्धावस्थामा समेत स्वस्थ र ऊर्जावान रहन मद्दत पुग्ने सन्देश दिएको छ। उनका लागि उमेर केवल एउटा संख्या बनेको छ, जबकि मेहनत र आत्मविश्वास नै उनको वास्तविक परिचय बनेको छ ।

*तस्विर : शिवकुमार श्रेष्ठ/भञ्ज्याङ*

# तनहुँमा पशु स्वास्थ्य सेवामा आधुनिक फड्को

## ब्लड टेस्ट, भिडिओ एक्स-रे र हड्डी शल्यक्रिया सेवा सुरू, 'मिल्क एटिएम' पनि सञ्चालन गरिने

**भञ्ज्याङ समाचारदाता/दमौली**

तनहुँमा पशु स्वास्थ्य सेवा प्रवाहलाई आधुनिक र प्रविधिमैत्री बनाउने उद्देश्यसहित भेटेरिनरी अस्पताल तथा पशु सेवा कार्यालयले रगत परीक्षण (ब्लड टेस्ट), भिडिओ एक्स-रे तथा हड्डीसम्बन्धी शल्यक्रिया (अर्थोपेडिक सर्जरी) सेवा सञ्चालनमा ल्याएको छ । गण्डकी प्रदेशका ११ जिल्लामध्ये पशुहरूको ब्लड टेस्ट सेवा उपलब्ध गराउने पहिलो र हालसम्मको एकमात्र कार्यालय तनहुँ रहेको कार्यालयले जनाएको छ ।

कृषि विकास कार्यालय र भेटेरिनरी अस्पताल तथा पशु सेवा कार्यालय, तनहुँको संयुक्त आयोजनामा बिहीबार आयोजित गत आर्थिक वर्ष २०८२/८३ को प्रगति समीक्षा तथा चालु आर्थिक वर्ष २०८३/८४ को वार्षिक स्वीकृत कार्यक्रम सार्वजनिक कार्यक्रममा कार्यालय प्रमुख रविनसन अधिकारीले आधुनिक सेवा विस्तारबारे जानकारी दिएका हुन् ।

उनका अनुसार ब्लड टेस्ट सेवामार्फत पशुमा देखिने विभिन्न रोगको छिटो, वैज्ञानिक र विश्वसनीय रूपमा पहिचान गर्न सकिने भएकाले उपचार प्रक्रिया थप प्रभावकारी बनेको छ । यसअघि यस्ता परीक्षणका लागि किसानले अन्य जिल्ला धाउनुपर्ने अवस्था रहेकामा अब जिल्लामै सेवा उपलब्ध हुने भएको छ ।

कार्यालयले पशुहरूको हड्डीसम्बन्धी शल्यक्रिया सेवा पनि सुरू गरेको छ । दुर्घटना वा अन्य कारणले हड्डी भाँचिएका तथा जोर्नीसम्बन्धी समस्या भएका पशुहरूको जिल्लामै शल्यक्रिया गरी उपचार गर्न सकिने व्यवस्था मिलाइएको प्रमुख अधिकारीले बताए ।

यसैगरी आधुनिक भिडिओ एक्स-रे सेवा सञ्चालनमा आएपछि पशुको आन्तरिक अवस्थाको स्पष्ट परीक्षण गरी रोगको सही निदान र उपचार गर्न सहज भएको उनले जानकारी दिए । यी सेवाबाट तनहुँका मात्रै नभई गण्डकी प्रदेशका अन्य जिल्लाका पशुपालक किसानले समेत लाभ लिन सक्ने अपेक्षा गरिएको छ ।




कार्यक्रममा कार्यालयले आर्थिक वर्ष २०८३/८४ का लागि नयाँ योजनासमेत सार्वजनिक गरेको छ।

*बाँकी अन्तिम पेजमा*

# करदाता प्रोत्साहन उपहार कार्यक्रम आजदेखि, एक जनाले १० लाख रूपैयाँ जित्ने

**भञ्ज्याङ समाचारदाता/काठमाडौं**

आन्तरिक राजस्व विभागले करदाता प्रोत्साहन उपहार कार्यक्रमको सम्पूर्ण प्राविधिक तयारी पूरा गरेको छ। बिहीबार विभागले अर्थमन्त्री डा. स्वर्णिम वाग्लेलाई उपहार छनोट विधि र प्रणालीबारे जानकारीसमेत गराएको छ। सो क्रममा विभागका प्राविधिकहरूले नमुना उपहार छनोट विधि अर्थमन्त्री डा. स्वर्णिम वाग्लेसमक्ष प्रस्तुत गरेका थिए। विभागका महानिर्देशक तथा सहसचिव डा. भीष्मकुमार भुसालका अनुसार विभागले पहिलो उपहार कार्यक्रम शुक्रबार घोषणा गर्नेछ।



उहाँकाअनुसार साउन १ गतेदेखि १५ गतेसम्म अनलाइनमार्फत वस्तु तथा सेवा खरिद गरेका उपभोक्ता र नगदमा वस्तु तथा सेवाको कारोबार गरेर विभागको वेबसाइटमा भौतिक रूपमा बिल अपलोड गरेका उपभोक्ताका लागि शुक्रबार उपहार घोषणा गरिनेछ ।

जसमा साउन १ गतेदेखि १५ गतेसम्मको हरेक दिनको कारोबारका आधारमा १५ जनाले करकट्टी गरेर एक-एक लाख रूपैयाँ नगद उपहार पाउने छन् । यस्तै साउन १ गतेदेखि १५ गतेसम्म वस्तु तथा सेवा खरिद गरेका सबै उपभोक्ताका लागि एउटा बम्पर उपहार घोषणा हुनेछ । जसमा एक जनाले १० लाख रूपैयाँ नगद जित्नेछन्। यो पुरस्कार रकममा भने कर लाग्नेछ।

अर्थमन्त्री डा. स्वर्णिम वाग्ले आर्थिक वर्ष २०८३/८४ को बजेटमा करदातालाई प्रोत्साहन गर्न उपहार कार्यक्रम सञ्चालन गर्ने घोषणा गर्नुभएको थियो ।

करदाता प्रोत्साहन कार्यक्रम सञ्चालन कार्यविधिअनुसार अबदेखि हरेक महिनाको १६ गते (१ देखि १५ गतेसम्मको) र महिनाको अन्तिम दिन (१६ गतेदेखि बाँकी दिनको) वस्तु तथा सेवा खरिद गर्ने उपभोक्ताका लागि उपहार घोषणा गरिनेछ।

बैंक तथा वालेटको क्युआरमार्फत वस्तु तथा सेवा खरिद गरेका उपभोक्ता यो कार्यक्रममा स्वत: जोडिने छन् । तर, उपहार प्राप्त गर्न बिल भने अनिवार्य रूपमा उपभोक्ताको साथमा हुनुपर्नेछ ।

नगदमा वस्तु तथा सेवा खरिद गरेका उपभोक्ताले भने वस्तु तथा सेवाको खरिदपछि अनिवार्य रूपमा प्यान तथा भ्याट बिल मागेर आन्तरिक राजस्व विभागको वेबसाइटमा गएर अपलोड गरी उपहारमा सहभागी भएको कुपन लिनुपर्ने व्यवस्था छ ।

# आँबुखैरेनीमा सामुदायिक विद्यालयका प्रधानाध्यापकहरूको नियमित बैठक

**भञ्ज्याङ समाचारदाता/आँबु**

तनहुँको आँबुखैरेनी गाउँपालिका अन्तर्गतका सामुदायिक विद्यालयका प्रधानाध्यापकहरूको नियमित बैठकमा आर्थिक वर्ष २०८२/०८३ मा शिक्षा क्षेत्रमा सञ्चालन गरिएका कार्यक्रमहरूको समीक्षा गर्दै आगामी आर्थिक वर्ष २०८३/०८४ का सशर्त तथा आन्तरिकतर्फका शैक्षिक कार्यक्रम प्रभावकारी रूपमा कार्यान्वयन गर्ने विषयमा छलफल गरिएको छ ।

त्यसैगरी, प्रथम त्रैमासिक परीक्षा सञ्चालन, नतिजा विश्लेषण, विपद् व्यवस्थापन तथा न्यूनीकरण, कक्षा ४ र ५ को आन्तरिक मूल्याङ्कन, शैक्षिक उपलब्धि वृद्धि, डेंगु रोगको रोकथाम तथा नियन्त्रणका लागि विद्यालयस्तरमा अपनाउनुपर्ने सावधानीका उपाय तथा विद्यालयहरूबीचका असल अभ्यास आदान-प्रदानलगायतका विषयमा पनि सहभागीहरूबीच छलफल भएको गाउँपालिकाकी शिक्षा शाखा प्रमुख निर्मला कुवँरले जानकारी गराइन् ।



बैठकले विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धि, सिकाइ उपलब्धि सुधार तथा सुरक्षित र स्वास्थ्यमैत्री विद्यालय वातावरण निर्माणमा समन्वयात्मक रूपमा अघि बढ्ने प्रतिबद्धता व्यक्त गरेको छ ।

# सम्पादकीय ............

www.bhanjyangnews.com

## भानु जन्मस्थललाई साहित्य, संस्कृति र पर्यटनको संगम बनाऔं

नेपालको साहित्यिक इतिहासमा भानुभक्त आचार्यको योगदान अतुलनीय छ। उनले नेपाली भाषालाई जनजीवनसँग जोड्दै साहित्यलाई आम जनताको पहुँचमा पुऱ्याए। यही ऐतिहासिक व्यक्तित्वको जन्मस्थल तनहुँको चुँदी रम्घा र शिखर कटेरी आज पनि साहित्यिक तीर्थस्थलका रूपमा उभिएका छन्। तर, यस्ता महत्वपूर्ण स्थानहरु अझै पनि आफ्नो पूर्ण सम्भावनाअनुसार विकास हुन सकेका छैनन्। साहित्यकार, शोधकर्ता र पर्यटकहरूका लागि प्रेरणाको स्रोत बन्न सक्ने यस्ता स्थलहरूको संरक्षण, प्रवर्द्धन र समुचित व्यवस्थापन आजको आवश्यकता हो। शिखर कटेरी, जहाँ भानुभक्तको जन्म भयो, केवल एउटा भौगोलिक स्थान मात्र होइन– यो नेपाली भाषाको आत्मासँग जोडिएको ऐतिहासिक केन्द्र हो। यहाँको प्राकृतिक सौन्दर्य, ग्रामीण जीवनशैली र सांस्कृतिक परिवेशले कुनै पनि स्रष्टालाई नयाँ दृष्टिकोण दिन सक्छ।

भानु संग्रहालयमा सुरक्षित राखिएका भानुभक्तसँग सम्बन्धित सामग्रीहरु– जस्तै मसीदानी, कलम, खाट, सन्दुक, पूजा सामग्री तथा हस्तलिखित पाण्डुलिपिहरु– हाम्रो साहित्यिक सम्पदाका अमूल्य धरोहर हुन्। यिनले भानुभक्तको सरल जीवन र गहिरो सिर्जनशीलताको कथा सुनाउँछन्। यस्ता सामग्रीको संरक्षण मात्र होइन, तिनको प्रभावकारी प्रस्तुति र व्याख्या पनि उत्तिकै महत्वपूर्ण छ, ताकि नयाँ पुस्ताले साहित्यको गहिराइ बुझ्न सकून् । यसै सन्दर्भमा, राष्ट्रपति रामचन्द्र पौडेलद्वारा भानु साहित्य उद्यानको शिलान्यास एक सकारात्मक पहल हो। यो उद्यानले चुँदी रम्घालाई साहित्यिक, शैक्षिक तथा पर्यटकीय गन्तव्यका रूपमा विकास गर्ने सम्भावना बोकेको छ। यदि योजनाअनुसार पूर्वाधार निर्माण, अध्ययन–अनुसन्धान केन्द्र, सांस्कृतिक संरचना र पर्यटकीय सुविधा विकास गरियो भने यस क्षेत्रले राष्ट्रिय मात्र होइन, अन्तर्राष्ट्रिय स्तरमा समेत पहिचान बनाउन सक्छ। तर, केवल संरचना निर्माणले मात्र लक्ष्य हासिल हुँदैन। यस्ता परियोजनाहरु दीर्घकालीन सोच, पारदर्शिता र प्रभावकारी कार्यान्वयनमा निर्भर हुन्छन्। एक अर्ब रूपैयाँको अनुमानित लागतमा बन्ने भनिएको उद्यानले अपेक्षित उपलब्धि दिनका लागि स्थानीय समुदायको सहभागिता, विज्ञहरूको सुझाव र निरन्तर निगरानी आवश्यक छ।

साहित्यिक पर्यटनको अवधारणा नेपालमा अझै प्रारम्भिक चरणमै छ। जबकि, विश्वका धेरै देशहरूले साहित्यकारहरूको जन्मस्थल, कृतिसँग सम्बन्धित स्थान र सांस्कृतिक परिवेशलाई पर्यटनसँग जोडेर ठूलो आर्थिक र सांस्कृतिक लाभ उठाइरहेका छन्। नेपालमा पनि भानु जन्मस्थललाई केन्द्रमा राखेर साहित्यिक यात्रा प्याकेजहरु विकास गर्न सकिन्छ– जसमा संग्रहालय अवलोकन, स्थानीय संस्कृतिको अध्ययन, परम्परागत भोजनको अनुभव र साहित्यिक गोष्ठीहरु समावेश हुन सक्छन्। यस्ता गतिविधिले केवल पर्यटन प्रवर्द्धन मात्र गर्दैनन्, स्थानीय अर्थतन्त्रलाई पनि चलायमान बनाउँछन्। होटल व्यवसाय, हस्तकला, कृषि उत्पादन र सांस्कृतिक कार्यक्रमहरु सबैले प्रत्यक्ष लाभ लिन सक्छन्। यसैले, साहित्यिक पर्यटनलाई दीगो विकाससँग जोडेर अघि बढाउनु जरूरी छ।

अर्कोतर्फ, संरक्षणको प्रश्न पनि उत्तिकै महत्वपूर्ण छ। शिखर कटेरी क्षेत्रको प्राकृतिक सौन्दर्य, पुरातात्विक महत्व र ग्रामीण जीवनशैलीलाई जोगाउँदै विकास गर्नु चुनौतीपूर्ण भए पनि आवश्यक छ। अव्यवस्थित निर्माण, वातावरणीय क्षति र सांस्कृतिक विघटनले दीर्घकालीन रूपमा नकारात्मक प्रभाव पार्न सक्छ। त्यसैले, विकास र संरक्षणबीच सन्तुलन कायम गर्नु अपरिहार्य छ । साहित्यिक स्थलहरूलाई जीवित सांस्कृतिक केन्द्रका रूपमा विकास गर्न नियमित रूपमा साहित्यिक महोत्सव, कार्यशाला, अनुसन्धान कार्यक्रम र शैक्षिक भ्रमणहरु आयोजना गरिनुपर्छ। विद्यालय र विश्वविद्यालय स्तरमा यस्ता स्थलहरूसँग सम्बन्धित अध्ययनलाई प्रोत्साहन गरिनु आवश्यक छ। यसले नयाँ पुस्तामा भाषा, साहित्य र संस्कृतिप्रतिको लगाव बढाउनेछ । अन्ततः, भानु जन्मस्थल केवल विगतको स्मृति होइन, भविष्यको सम्भावना पनि हो। यदि राज्य, स्थानीय तह र समुदाय मिलेर योजनाबद्ध रूपमा अघि बढे भने चुँदी रम्घा र शिखर कटेरीलाई नेपाली साहित्यको केन्द्र मात्र होइन, अन्तर्राष्ट्रिय स्तरको सांस्कृतिक गन्तव्यका रूपमा स्थापित गर्न सकिन्छ । भानुभक्तले नेपाली भाषालाई एकताको सूत्रमा बाँधेझैं, आज आवश्यक छ– उनकै जन्मभूमिबाट साहित्य, संस्कृति र पर्यटनलाई एकीकृत गर्दै समृद्धिको नयाँ कथा लेख्ने ।

बन्दिपुर एफ.एम. प्रा.लि.द्वारा सञ्चालित
रेडियो बन्दिपुर ८८.८ मेगाहर्ज
मेरो पहिलो रोजाई Radio Bandipur 88.8MHz
बन्दिपुर-१, डुम्रेबजार, तनहुँ (प्रहरी चौकी नजिकै)
सम्पर्क : ०६५-५८०३२०, ५८०३६२, ९८५६०४२०८८, ९८५६०६०५००

# मार्क्सवाद, जनताको बहुदलीय जनवाद र समाजवादी रूपान्तरणको नयाँ बहस




**भूमिकाः उपलब्धिको समीक्षा र नयाँ प्रश्न**

नेपालको कम्युनिस्ट आन्दोलन सात दशकभन्दा लामो इतिहास बोकेको आन्दोलन हो । यस आन्दोलनले निरंकुशताविरूद्ध संघर्ष गऱ्यो, लोकतन्त्र स्थापना गऱ्यो, संविधान निर्माणमा नेतृत्वदायी भूमिका निर्वाह गऱ्यो र राज्य सञ्चालनको जिम्मेवारी पनि पटक–पटक वहन गऱ्यो। तर, यी ऐतिहासिक उपलब्धिसँगै आज एउटा गम्भीर प्रश्न पनि उभिएको छ– के आज नेपाली कम्युनिस्ट आन्दोलन, विशेषतः नेकपा (एमाले), आफ्नो मूल वैचारिक धरातलमा दृढ छ? किन पार्टीप्रतिको जनविश्वास क्रमशः कमजोर हुँदै गएको छ ?

यो प्रश्न कुनै व्यक्ति, नेतृत्व, पार्टी वा सरकारको आलोचनाका लागि उठाइएको होइन, बरू कम्युनिस्ट आन्दोलनको भविष्यप्रतिको चिन्ताका रूपमा उठाइएको हो। जनविश्वासमा आएको ह्रास, कार्यकर्तामा वैचारिक अध्ययनको कमी, संगठनमा अवसरवादको वृद्धि, सत्ताकेन्द्रित राजनीतिक संस्कृतिको विस्तार तथा वर्गीय दृष्टिकोण क्रमशः ओझेलमा पर्नुजस्ता प्रवृत्तिले गम्भीर आत्मसमीक्षाको आवश्यकता औँल्याएका छन्। त्यसैले, आजको मूल प्रश्न संगठनको पुनर्गठन मात्र होइन, विचारको पुनर्जागरण पनि हो।

**विचार नै संगठनको आत्मा हो**

कम्युनिस्ट आन्दोलनमा संगठन विचारको परिणाम हो, विचारको विकल्प होइन। कार्ल मार्क्स र फ्रेडरिक एंगेल्सले 'कम्युनिस्ट घोषणापत्र'मा समाजको विकास वर्गीय संघर्षबाट हुने कुरा स्पष्ट गरेका छन्। लेनिनले पनि "क्रान्तिकारी सिद्धान्तविना क्रान्तिकारी आन्दोलन सम्भव हुँदैन" भन्ने निष्कर्ष प्रस्तुत गरेका छन्। यस दृष्टिले कुनै पनि कम्युनिस्ट पार्टीको वास्तविक शक्ति उसको संगठनात्मक आकारमा होइन, वैचारिक स्पष्टतामा निहित हुन्छ। विचार अस्पष्ट भएपछि संगठन जतिसुकै बलियो देखिए पनि त्यसको दिशा कमजोर बन्न पुग्छ।

**समृद्ध नेपाल, सुखी नेपाली : समाजवादी नाराको वैचारिक प्रश्न**

आज एमालेको सबैभन्दा लोकप्रिय राजनीतिक नारामध्ये "समृद्ध नेपाल, सुखी नेपाली" एक हो । यसले राष्ट्रिय विकास, आर्थिक समृद्धि र नागरिक कल्याणको आकांक्षा व्यक्त गर्छ। यसको सकारात्मक सन्देशप्रति कुनै विवाद छैन तर मार्क्सवादी दृष्टिकोणबाट यसको गम्भीर समीक्षा भने आवश्यक छ। यो नारा मूलतः वर्गनिरपेक्ष देखिन्छ। समृद्धि कसको नेतृत्वमा, कसको हितमा र उत्पादन सम्बन्धमा कस्तो परिवर्तनमार्फत हासिल गर्ने भन्ने प्रश्न यसमा स्पष्ट रूपमा उपस्थित हुँदैन।

मार्क्सवादका अनुसार आर्थिक विकासलाई उत्पादनका साधनमाथिको स्वामित्व, श्रमको भूमिका र वर्गीय सम्बन्धबाट अलग गरेर बुझ्न सकिँदैन। उत्पादनका साधन सीमित समूहको नियन्त्रणमै रहेमा समृद्धिसँगै असमानता पनि बढ्न सक्छ। त्यसैले, समाजवादी समृद्धि केवल आर्थिक वृद्धिदर वा पूर्वाधार विस्तारको विषय होइन, यो उत्पादन सम्बन्धको रूपान्तरण, श्रमको सम्मान, सामाजिक न्याय र शोषणको अन्त्यसँग जोडिएको अवधारणा हो।

**वर्गीय विश्लेषणः आय होइन, उत्पादन सम्बन्ध आधार**

कतिपय पार्टी दस्तावेजमा समाजलाई उच्च, मध्यम र निम्न वर्गमा विभाजन गरिएको पाइन्छ। यो समाजशास्त्रीय विश्लेषण हुन सक्छ, तर मार्क्सवादी वर्ग विश्लेषणको आधार आय वा उपभोग होइन, उत्पादनका साधनसँगको सम्बन्ध हो। उत्पादनका साधनको स्वामित्व राख्ने वर्ग, श्रम बेचेर जीवन निर्वाह गर्ने श्रमिक, किसान, साना उत्पादक, राष्ट्रिय पुँजीपति, लघु उद्यमी लगायतका वर्गहरूको विश्लेषण उत्पादन सम्बन्धका आधारमा गरिन्छ। त्यसैले, कम्युनिस्ट पार्टीका लागि वर्गीय विश्लेषण केवल समाजशास्त्रीय अभ्यास होइन, राजनीतिक रणनीतिको मुख्य आधार हो।

**लोककल्याणकारी राज्य र समाजवादी राज्यः समान कि फरक?**

आज धेरै राजनीतिक शक्तिले शिक्षा, स्वास्थ्य, सामाजिक सुरक्षा, वृद्धभत्ता वा राहत कार्यक्रमलाई समाजवादको प्रमाणका रूपमा प्रस्तुत गर्ने गरेका छन्। तर, मार्क्सवादी सिद्धान्तले लोककल्याणकारी राज्य र समाजवादी राज्यलाई स्पष्ट रूपमा फरक मान्छ । लोककल्याणकारी राज्य पुँजीवादी व्यवस्थाभित्रै विकसित अवधारणा हो। यसले निजी स्वामित्व र बजार अर्थतन्त्रलाई स्वीकार गर्दै सामाजिक सुरक्षा विस्तार गर्छ। यसको मूल उद्देश्य पुँजीवादलाई केही हदसम्म मानवीय बनाउनु हो ।

यता, समाजवादी राज्यको उद्देश्य भने उत्पादनका प्रमुख साधनमाथि सामाजिक स्वामित्व, योजनाबद्ध अर्थतन्त्र, श्रमशोषणको अन्त्य र वर्गीय असमानताको क्रमिक उन्मूलन हो । त्यसैले लोककल्याणकारी कार्यक्रम समाजवादको विकल्प होइन, यो त समाजवादतर्फको संक्रमणकालीन नीतिगत साधन मात्र हुन सक्छ ।

**सुधारवादको जोखिम र समाजवादी लक्ष्य**

कम्युनिस्ट पार्टीले तत्कालीन कार्यक्रम र दीर्घकालीन लक्ष्यबीच स्पष्ट सम्बन्ध कायम राख्नुपर्छ । यदि तत्कालीन कार्यक्रम नै अन्तिम लक्ष्यका रूपमा प्रस्तुत हुन थाल्यो भने विचारमा सुधारवाद प्रवेश गर्छ। इतिहासले देखाएको छ– सुधारवादले अन्ततः कम्युनिस्ट आन्दोलनको वर्गीय चरित्रलाई नै कमजोर बनाउँछ।

**जनताको बहुदलीय जनवादको सबलीकरण**

जनताको बहुदलीय जनवाद (जबज)ले नेपाली कम्युनिस्ट आन्दोलनलाई मौलिक वैचारिक योगदान दिएको छ। मदन भण्डारीले नेपाली समाजको विशिष्टता, बहुदलीय प्रतिस्पर्धा, जनमतको सम्मान, राष्ट्रिय स्वाधीनता र समाजवादतर्फको शान्तिपूर्ण संक्रमणलाई जोड्दै यसको विकास गर्नुभएको थियो। तर, कुनै पनि सिद्धान्त समयसँगै पुनर्पाठ र पुनर्व्याख्याको विषय बन्छ। जबजलाई केवल निर्वाचन जित्ने रणनीति वा सरकार सञ्चालनको दस्तावेजमा सीमित गरियो भने यसको क्रान्तिकारी मर्म कमजोर हुन्छ । डिजिटल अर्थतन्त्र, कृत्रिम बुद्धिमत्ता (एआई), हरित विकास, जलवायु संकट, विश्वव्यापी वित्तीय पुँजी, बहुराष्ट्रिय कम्पनी र नयाँ श्रम बजारका चुनौतीका बीच जबजलाई मार्क्सवादको मूल मर्मसँग जोड्दै समकालीन सन्दर्भमा पुनर्व्याख्या गर्नु आवश्यक छ।

**पुनर्गठनभन्दा पहिले विचारको पुनर्गठन**

आज एमालेभित्र पुनर्गठनको व्यापक चर्चा छ। तर, केही कमिटी परिवर्तन गरेर वा केही अनुहार फेरेर मात्र पार्टी नयाँ बन्दैन । पुनर्गठनको पहिलो चरण वैचारिक आत्मसमीक्षा हुनुपर्छ। वर्गीय आधार, समाजवादको मार्गचित्र, राज्यको चरित्र, आर्थिक नीति, राष्ट्रिय पुँजीको

बाँकी तेश्रो पेजमा

## तपाईंको आज

**मेष**
आश्वस्त भएर अघि बढ्ने समय छ, पारिवारिक सहयोग मिल्नेछ। धनलाभको संकेत छ ।

**वृष**
मनमा नयाँ योजनाहरु बनाउन सकिनेछ। केही खानपिनमा परिवर्तन गरे स्वास्थ्यमा सुधार हुनेछ ।

**मिथुन**
संचार र सामाजिक क्षेत्र सक्रिय रहनेछ। सोसल मिडिया वा नेटवर्किङबाट केही फाइदा मिल्नेछ।

**कर्कट**
घर परिवारमा खुसीको वातावरण बनाउने कार्य हुनेछ। आर्थिक मामिलामा पनि स्थिति बलियो रहनेछ।

**सिंह**
वित्तीय रूपमा महत्वपूर्ण निर्णय लिन सकिने समय छ। व्यवसाय वा लगानीमा सोच–विचारपूर्वक अघि बढ्नुहोस्।

**कन्य**
काम–व्यापारमा सृजनशीलता र दक्षता देखिइ रहनेछ। सहकर्मी वा साझेदारसँग मिलेर अघि बढ्नाले विशेष फल दिन सक्छ।

**तुला**
सन्तुलन र सौन्दर्यप्रेमका लागि राम्रो दिन । रचनात्मक काममा रूचि जग्न सक्छ। व्यक्तिगत सम्बन्धहरु सुमधुर हुनेछ।

**वृश्चिक**
गोप्य योजना वा इन्टरनल सोच–विचार गर्न चाहना बढ्न सक्छ। गहिराइमा गएर अध्ययन वा अनुसन्धानमा समय दिनुपर्ला।

यात्रा, समाज–सम्बन्ध, वा ज्ञान–शिक्षासँग सम्बन्धित शुभ संकेत आइरहेका छन्। किनभने चर्चा–मिलन हुनेछ।

**मकर**
कार्य क्षेत्रमा स्थिरता देखिन्छ। जिम्मेवारी बढ्न सक्छ तर तपाईं सक्षम हुनुभयो भने फलदायी पनि हुनेछ।

**कुम्भ**
नयाँ साथी वा मन पर्ने मानिसको भेट सुखद हुनेछ। मनमा नयाँ योजनाहरु बनाउन सकिनेछ।

**मीन**
आध्यात्मिक दृष्टिले बलियो दिन छ। ध्यान–धारणा र सृजनात्मक काममा समय दिँदा आध्यात्मिक शान्ति मिल्नेछ।

# मार्क्सवाद, जनताको बहुदलीय ........

भूमिका, सहकारी आन्दोलन, श्रमिक अधिकार, किसान नीति, शिक्षा, संस्कृति र अन्तर्राष्ट्रिय सम्बन्धबारे स्पष्ट बहस आवश्यक छ। त्यसपछि मात्र कार्यक्रम, संगठन र नेतृत्वको पुनर्मूल्याङ्कन हुनुपर्छ।

**नैतिक संकट र जनतासँगको दूरी**

आज जनताले कम्युनिस्ट पार्टीसँग विकास मात्र होइन, नैतिकता पनि खोजिरहेका छन्। भ्रष्टाचार, नातावाद, गुटबन्दी, पदलोलुपता, अवसरवाद र जनतासँग बढ्दो दूरीले आन्दोलनको नैतिक आधार कमजोर बनाएको छ । मार्क्सवादी दृष्टिले पार्टीको शक्ति केवल सरकारमा हुनुमा मात्र सीमित हुँदैन; यो जनविश्वास, कार्यकर्ताको अनुशासन, वैचारिक प्रतिबद्धता र जनजीवनसँगको जीवन्त सम्बन्धमा टिकेको हुन्छ ।

**विश्व परिवेश र नेपाली समाजवादको नयाँ कार्यदिशा**

वर्तमान विश्वमा वित्तीय पुँजीवाद, कृत्रिम बुद्धिमत्ता, प्रविधिमुखी अर्थतन्त्र, जलवायु संकट, बेरोजगारी र भू-राजनीतिक प्रतिस्पर्धाले नयाँ चुनौतीहरु सिर्जना गरेका छन्। यस्तो अवस्थामा नेपाली कम्युनिस्ट आन्दोलनले परम्परागत नारामा सीमित नभई नेपाली समाजवादको वैज्ञानिक मार्ग पुनर्परिभाषित गर्नुपर्छ। राष्ट्रिय स्वाधीनता, उत्पादनमुखी अर्थतन्त्र, औद्योगिकीकरण, कृषि आधुनिकीकरण, सहकारी क्षेत्रको सुदृढीकरण, सार्वजनिक क्षेत्रको प्रभावकारी भूमिका, निजी क्षेत्रसँगको सन्तुलित सहकार्य तथा सामाजिक न्यायलाई एउटै वैचारिक रूपरेखामा जोड्न सक्नुपर्छ ।

**नयाँ पुस्ता, नयाँ बहस र वैचारिक पुनर्जागरण**

कम्युनिस्ट आन्दोलनको इतिहासले देखाएको छ– विचारमा विचलन आएपछि संगठन ढिलो वा चाँडो संकटमा पर्छ। जनताबाट टाढिएको पार्टीले अन्ततः आफ्नो वैचारिक अस्तित्व पनि गुमाउन सक्छ। त्यसैले, नयाँ पुस्तालाई मार्क्सवादी अध्ययनसँग जोड्ने, पार्टीभित्र खुला बहसको संस्कृति विकास गर्ने, आत्मालोचना र आलोचनालाई संस्थागत गर्ने तथा सिद्धान्त, नीति र व्यवहारबीचको दूरी घटाउने अभियान अपरिहार्य भएको छ।

**एमालेको भविष्य: वैचारिक पुनर्जागरण**

यदि एमालेले आफ्नो ऐतिहासिक भूमिका कायम राख्न चाहन्छ भने पुनर्गठनको केन्द्रमा विचारलाई राख्नैपर्छ । "समृद्ध नेपाल, सुखी नेपाली" जस्ता नारालाई समाजवादी रूपान्तरण, वर्गीय न्याय र उत्पादन सम्बन्धको परिवर्तनसँग जोडेर नयाँ अर्थ दिनुपर्छ। लोककल्याणकारी राज्यलाई समाजवादको अन्तिम लक्ष्य होइन, संक्रमणकालीन नीतिका रूपमा बुझ्नुपर्छ। वर्गीय विश्लेषणलाई आयका आधारमा होइन, उत्पादन सम्बन्धका आधारमा पुनः स्थापित गर्नुपर्छ । साथै, जबजलाई वर्तमान युगका चुनौतीसँग संवाद गर्ने गरी विकास गर्नुपर्छ ।

कम्युनिस्ट पार्टीको पुनर्जागरण संगठनात्मक पुनर्संरचनाबाट होइन, वैचारिक पुनर्जागरणबाट सुरू हुन्छ। विचार स्पष्ट भएपछि सही राजनीति निर्माण हुन्छ; सही राजनीतिबाट सही संगठन बन्छ; र सही संगठनबाट मात्र समाजवादी रूपान्तरणको मार्ग विश्वसनीय हुन्छ। आत्मसमीक्षा कमजोरी होइन, नयाँ उचाइमा पुग्ने साहस हो। यही साहसले मात्र एमालेलाई सुरक्षित भविष्यतर्फ डोऱ्याउन सक्छ । रातोपाटीबाट

# उमाचोक सामुदायिक वनलाई गणेशमानसिंह सामुदायिक वन राष्ट्रिय पुरस्कार

भञ्ज्याङ समाचारदाता/दमौली

तनहुँको म्याग्दे गाउँपालिका–२ स्थित उमाचोक सामुदायिक वन उपभोक्ता समूह यस वर्षको प्रतिष्ठित गणेशमानसिंह सामुदायिक वन राष्ट्रिय पुरस्कार बाट सम्मानित हुने भएको छ ।

वन तथा भू-संरक्षण विभागको आर्थिक वर्ष २०८३/८४ को स्वीकृत वार्षिक कार्यक्रमअन्तर्गत उमाचोक सामुदायिक वनलाई उक्त राष्ट्रिय पुरस्कार प्रदान गर्न लागिएको हो।

यसैगरी, म्याग्दे गाउँपालिका–२ कै डुनडाँडा कबुलियती वन समूह 'क' लाई कबुलियती वन राष्ट्रिय पुरस्कार तथा बन्दीपुर गाउँपालिका–१ का मानकाजी श्रेष्ठलाई निजी वन राष्ट्रिय पुरस्कार प्रदान गरिने भएको छ।

वन संरक्षण, दिगो व्यवस्थापन तथा वातावरणीय संरक्षणमा पुऱ्याएको योगदानको मूल्याङ्कनका आधारमा यी पुरस्कार प्रदान गर्न लागिएको जनाइएको छ।

**bhanjyangnews.com**
Email- bhanjyangdml@gmail.com

बन्दीपुर गाउँपालिका
गाउँ कार्यापालिकाको कार्यालय

## बन्दीपुर अस्पताल

बन्दीपुर वडा नं. ४, तनहुं । गण्डकी प्रदेश, नेपाल

### सेवाग्राहीहरूको सहजताका लागि ई.भी. माईक्रो गाडी भाडामा लिन प्रस्तावना माग सम्बन्धी सार्वजनिक सूचना

**(प्रथम पटक सूचना प्रकाशन मितिः २०८३/०४/२२ गते)**

प्रस्तुत सम्बन्धमा बन्दीपुर अस्पतालसम्म आउन र फर्किन सेवाग्राहीहरूको सहजताका लागि ज्येष्ठ नागरिक, गर्भवती, फरक क्षमता भएकाहरूका लागि निःशुल्क र अन्य सेवाग्राहीहरूका लागि ५०% छुट उपलब्ध गर्ने गरी दैनिक रूपमा कम्तिमा **बिहान ७:०० बजे डुम्रेबाट बन्दीपुर अस्पताल** आउने र **बेलुकी ७:०० बजे बन्दीपुर अस्पतालबाट डुम्रे**सम्म (सेवाग्राहीहरू भएमा पृथ्वीराजमार्गको बन्दीपुर गाउँपालिकाको दुवै तर्फको सिमानासम्म) जानुपर्ने गरी, दिनको समयमा अन्दाजी एक-एक घण्टामा चलीरहनुपर्ने शर्तानामाहरू लागु हुने गरी अस्पतालद्वारा मासिक रूपमा एकमुष्ठ भाडा सम्झौता रकम भुक्तानी गर्ने गरी सेवाग्राहीहरूका लागि यातायातको सहजताका लागि सार्वजनिक सूचना प्रकाशन गरी दररेट सहितका प्रस्तावनाहरू माग गर्ने बन्दीपुर अस्पताल संचालन तथा व्यवस्थापन समितिको मिति २०८३/०४/२१ गतेको बैठक निर्णयानुसार सम्बन्धित ईच्छुक सबैका लागि यो **सात दिने सार्बजनिक सूचना** प्रकाशन गरिएको छ ।

### सवारी साधन भाडामा लिने सम्बन्धी सार्वजनिक सूचना

**(प्रथम पटक सूचना प्रकाशन मितिः २०८३/०४/२२ गते)**

प्रस्तुत सम्बन्धमा बन्दीपुर अस्पतालबाट अन्य सरकारी स्वास्थ्य संस्थामा चिकित्सकीय स्वास्थ्य परीक्षण तथा अतिरिक्त स्वास्थ्य सेवा कार्यक्रम लगायतका कार्यक्रमहरू संचालनका लागि आवश्यक पर्ने सवारी साधनहरू भाडामा उपलब्ध गराउन सम्बन्धित ईच्छुक सबैका लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ ।

**बिस्तृत जानकारी एवं प्रस्तावनाको ढांचाका लागि सम्पर्कः**
**प्रशासन शाखा प्रमुखः ९८५६०४२०६२, मे.सु.: ९८५६०६३३३१**

**मे.सु., बन्दीपुर अस्पताल**

### प्रारम्भिक वातावरणीय परीक्षण अध्ययनको लागि सार्वजनिक सुनुवाई सम्बन्धी सार्वजनिक सूचना

**सूचना प्रकाशित मितिः २०८३/०४/२२**

गण्डकी प्रदेश सरकारको "प्रदेश वातावरण संरक्षण नियमावली, २०७९" को नियम ७ बमोजिम गण्डकी प्रदेश तनहुं जिल्ला आँबुखैरेनी गाउँपालिका वडा नं. २ स्थित **मर्स्याङ्गदी पोल्ट्री प्रा.लि.**द्वारा सञ्चालित **मर्स्याङ्गदी ह्याचरी उद्योग**को स्तरोन्नति कार्यका लागि प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयार गर्ने क्रममा सो क्षेत्रको जनप्रतिनिधि, स्थानीय तथा प्रस्तावसँग सरोकार राख्ने सरोकारवालाहरूसंग अन्तरक्रिया गर्न **सार्वजनिक सुनुवाई** गर्नुपर्ने प्रावधान बमोजिम निम्नलिखित मिति, समय र स्थानमा सार्वजनिक सुनुवाई कार्यक्रम हुने भएकोले यस प्रस्तावसँग सरोकार राख्ने सम्पूर्ण सरोकारवालाहरूलाई उक्त कार्यक्रममा उपस्थित भई आफ्नो अमूल्य राय तथा सुझावहरु दिनुहुन अनुरोध गर्दछौं ।

| सार्वजनिक सुनुवाई हुने मिति, समय र स्थान | सम्पर्कको लागि (प्रस्तावक) |
|---|---|
| मितिः २०८३/०४/२९ गते शुक्रबार<br>समयः दिनको ०१:०० बजे<br>स्थानः मर्स्याङ्गदी ह्याचरी उद्योग परिसर, मार्किचोक, आँबुखैरेनी गाउँपालिका २, तनहुँ | नामः मर्स्याङ्गदी पोल्ट्री प्रा. लि.<br>ठेगानाः आँबुखैरेनी गाउँपालिका-२, तनहुँ<br>सम्पर्क नंः ९८५११५६३९९, ९८४९१५९९३५ |

त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन प्राप्त

## आदिकवि भानुभक्त क्याम्पस

व्यास-१, विज्ञानचौर, दमौली, तनहुँ
**विश्वविद्यालय अनुदान आयोगबाट गुणस्तर प्रत्यायनकृत (२०८०)**

### सिलबन्दी दरभाउपत्र (Quotation) आव्हानको सूचना

**(दोश्रो पटक सूचना प्रकाशित मितिः २०८३/०४/२२)**

यस आदिकवि भानुभक्त क्याम्पस, विज्ञानचौर, व्यास-१, दमौली, तनहुँलाई आर्थिक वर्ष २०८३/०८४ का लागि क्याम्पस हाते डायरी (Hand Diary) छपाई तथा आपूर्ति गर्नु पर्ने भएकाले इच्छुक रजिष्टर्ड छपाई गृह/फर्म वा कम्पनीहरूबाट देहायका सर्तहरूको अधीनमा रही रीतपूर्वकको सिलबन्दी दरभाउपत्र आव्हान गरिन्छ ।

**तपसिल (विवरण):**

**१. सामग्रीको नामः** क्याम्पस डायरी (Hand Diary) **२. साइजः** ७x९.८ इन्च
**३. कभर (Cover):** Hard Cover with Color Printing and Lamination
**४. भित्री पाना (In paper):** ७० GSM Maplitho with Printing
**५. परिमाण (Quantity):** ५०० थान **६. पेजः** १००

**दरभाउ पत्र सम्बन्धी सर्तहरु:**

१) यो सूचना दोश्रो पटक प्रकाशित भएको मिति (२०८३/०४/२२) ले ७ (सात) दिनभित्र अर्थात् २०८३ श्रावण २९ गते कार्यालय समयभित्र इच्छुक फर्म/कम्पनीले आफ्नो व्यावसायिक दर्ता प्रमाणपत्र, मू.अ.कर (VAT) दर्ता प्रमाणपत्र र पछिल्लो आर्थिक वर्षको कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपिहरु संलग्न गरी यस क्याम्पस प्रशासनमा सिलबन्दी दरभाउ पत्र दर्ता गराउनु पर्नेछ । दरभाउ पत्र फारममा केरमेट भएको ठाउँमा दरभाउदाताको पूर्ण सही र छाप हुनुपर्नेछ । म्याद नाघी आएका वा रीत नपुगेका दरभाउ पत्रहरु उपर कुनै कारबाही गरिने छैन । दरभाउ पत्र स्वीकृत गर्ने वा नगर्ने तथा आंशिक रूपमा स्वीकृत गर्ने सम्पूर्ण अधिकार यस क्याम्पसमा सुरक्षित रहनेछ ।

**अन्य विस्तृत जानकारीका लागि कार्यालय समयभित्र क्याम्पस प्रशासनको फोन नं. ०६५-५६००९६ मा सम्पर्क गर्न सकिनेछ ।**

**क्याम्पस प्रमुख**

### विशेषज्ञ चिकित्सकहरुद्वारा स्वास्थ्य उपचार सम्बन्धी सूचना

**भदौ ०५ गते शुक्रबार**

१) काठमाडौं गंगालाल अस्पतालका वरिष्ठ मुटुरोग विशेषज्ञ **डा. मुरारी दुङ्गाना**द्वारा स्वास्थ्य परीक्षण हुने हुँदा सम्बन्धित विरामीले उपचार सेवा लिनुहोला ।

**हाम्रा उपलब्ध सेवाहरु :**

१) भिडियो एक्सरे २) आधुनिक प्रयोगशाला सेवा (रगत, दिशा, पिसाव, विर्य, खकार परीक्षण गरिन्छ) ३) इ.सि.जी. सेवा, मुटुको जाँच, ४) इको (ECHO) गंगालाल हस्पिटलका डा.द्वारा मुटुको भिडियो एक्सरे गरिन्छ ५) माइनर अपरेशन सेवा तथा प्लास्टर, ड्रेसिङ्ग, स्टेचिङ्ग आदी सेवा, ६) नेवुलाइजर सेवा, ७० किशोर किशोरीहरूलाई यौन तथा प्रजनन् स्वास्थ्य सम्बन्धी निःशुल्क परामर्श सेवा, ७) परिवार नियोजनका अस्थायी स्वास्थ्य सेवा तथा सुविधा ८) गुणस्तरीय फार्मेसी सेवा

**नोट : फोनबाट पनि नाम टिपाउन सक्नुहुनेछ ।**

**भदौ ०६ गते शनिबार**

१) गण्डकी मेडिकल कलेज पोखराका वरिष्ठ फिजिसियन, मधुमेह (सुगर) र थाइरोइड तथा हर्मोन रोग विशेषज्ञ प्रोफेसर **डा. तिर्थलाल उपाध्याय** आउनुहुने भएकाले सम्बन्धित रोगका विरामीले उपचार सेवा लिनुहोला ।

२) पोखराका वरिष्ठ रेडियोलोजिष्ठ **डा. कृष्ण तिमिल्सेना**द्वारा भिडियो एक्स-रे सेवा उपलब्ध ।

३) गण्डकी अस्पतालमा कार्यरत सर्जन, स्तन, स्त्री तथा प्रसुती रोग विशेषज्ञ **डा. दिनेश शर्मा तिमिल्सेना**द्वारा स्वास्थ्य परीक्षण गरिन्छ। *गर्भवती महिलाको महिनावारी जाँच, तल्लो पेट दुख्ने, सेतो पानी बग्ने, पाठेघर तल झर्ने, सेतो पानीको जाँच (PAP SMEAR) गर्ने, स्तन दुख्ने र गाँठागुठी आउने, महिनावारी गडबढ हुने र महिनावरी हुँदा पेट दुख्ने आदी समस्या भएका विरामीहरूले उपचार सेवा लिनुहोला*

## मिर्लुङ पोलिक्लिनिक प्रा.लि.

व्यास-२, अमरसिंह मार्ग, दमौली तनहुँ । फोन : ०६५-५६४५७८, ९८४६०६२४६५, ९८४६७७०४७२

"जिवनको दिगो सुरुवातका लागि स्तनपानः प्रभावकारी कार्यहरुको सुदृढीकरण।"

### विश्व स्तनपान सप्ताह, १-७ अगस्ट २०२६

१६ देखि २२ श्रावण, २०८३

शिशु जन्मिए पछि जतिसक्दो चाँडो (१ घण्टा भित्र) आमाको दूध (बिगौती दूध) खुवाऔं ।

शिशुलाई जन्मेदेखि ६ महिना पूरा नभएसम्म आमाको दूध मात्र खुवाऔं।

बालबालिकालाई ६ महिना पूरा भएपछि पूरक खानाका साथसाथै कम्तिमा २ वर्ष उमेरसम्म निरन्तर स्तनपान गराऔं ।



आमाको दूध शिशुको लागि सर्वोत्तम आहार हो र यसले शिशुको रोगसँग लड्न सक्ने क्षमतालाई बढाउँछ ।

स्तनपानले महिलाहरुमा स्तन क्यान्सर र पाठेघर क्यान्सर हुने जोखिमलाई कम गर्दछ ।

चिकित्सकको सल्लाह बिना शिशुलाई आमाको दुध बाहेक अन्य कुनै किसिमको दुध नखुवाऔं । दूधदानीको प्रयोग नगरौं ।

स्तनपान सम्बन्धि उचित परामर्श तथा थप जानकारीका लागि नजिकको स्वास्थ्य संस्था वा स्वास्थ्यकर्मीलाई सम्पर्क गर्नुहोला ।

**भानु नगरपालिका**
**नगरँ कार्यपालिकाको कार्यालय**
फुस्रेटार, तनहुँ । गण्डकी प्रदेश

जि.का.कास्की द.नं. ११/२०३९/०४०, जि.प्र.का. तनहुँको स्वीकृत मिति: २०५९/०३/२४, त.जि.हु.द.नं. २/२०७८/०७९
२०८३ साउन २२ गते शुक्रबार
August 07, 2026



**बुद्धसिंह मार्गमा पहिरो** : तनहुँको व्यास नगरपालिका–१४ स्थित मास्दीघाट खण्डमा पहिरो खस्दा बुद्धसिंह मार्ग पूर्ण रूपमा अवरूद्ध भएको छ । पहिरोका काराण बुधबारदेखि सडक अवरूद्ध हुँदा दैनिक आवतजावत गर्ने सर्वसाधारण, बिरामी, वृद्धवृद्धा तथा विद्यालय जाने बालबालिका समस्यामा परेका छन् । स्थानीय सेतीगंगा आधारभूत विद्यालयका प्रधानाध्यापक सिद्धान्त गर्जामगरका अनुसार मास्दीघाटका साथै ढाप लगायतका अन्य स्थानमा पनि पहिरो खसेको छ । पहिरोका कारण बन्दीपुर गाउँपालिका–६ खहरे, देवघाट र आँबुखैरेनी गाउँपालिकाका केही वडाका स्थानीय बासिन्दाको जनजीवन प्रभावित भएको छ । सडक खुलाउ डोजरको प्रयोग गरी पहिरो हटाउने काम भइरहेको बताइएको छ । *तस्विर : भञ्ज्याङ*

# उपभोक्ता संरक्षण ऐन र चिकित्सा क्षेत्रमा देखिएको चुनौती

**डा विश्वराज दवाडी/काठमाडौं**

नेपालको संविधानको धारा ३५ ले प्रत्येक नागरिकलाई स्वास्थ्य सेवामा समान पहुँच र आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने अधिकारलाई मौलिक हकका रूपमा ग्यारेन्टी गरेको छ । संविधानले स्वास्थ्यलाई राज्यको एक अभिन्न दायित्व र अत्यावश्यक मानवीय सेवाका रूपमा स्वीकार गरेको छ तर पछिल्लो समय उपभोक्ता संरक्षण ऐन, २०७५ अन्तर्गत स्वास्थ्य सेवा र चिकित्सकहरूलाई पनि व्यापारिक वस्तु वा सामान बिक्री गर्ने विक्रेता सरह राखी उपभोक्ता अदालतको दायरामा ल्याइएको छ । यसले गर्दा नेपालको सम्पूर्ण स्वास्थ्य प्रणालीमा गम्भीर र नकारात्मक असरहरु देखिन थालेका छन् ।

**उपभोक्ता अदालतको बढ्दो हस्तक्षेप**

हालै उपभोक्ता अदालतले एभरेस्ट अस्पताल र एक स्त्री तथा प्रसूति रोग विशेषज्ञलाई रू ३९ लाख क्षतिपूर्ति तिराउने फैसला गरेको छ। फैसलामा अस्पताललाई ३० लाख र डाक्टरलाई रू नौ लाख जरिवाना तोकिएको छ । प्रसूतिको क्रममा 'प्रि–एक्लेम्पसिया' (उच्च रक्तचाप) को जटिलतामा औषधि व्यवस्थापन तथा मेडिकल प्रोटोकल पालना नभएको ठहर गर्दै अदालतले उक्त आदेश दिएको हो । यसअघि पनि उपभोक्ता अदालतले हिमाल हस्पिटल र चिकित्सकलाई रू एक करोड ४५ लाख र ओम हस्पिटललाई रू ५६ लाखभन्दा बढी क्षतिपूर्ति तिराउने फैसला गरिसकेको छ । एक ९८ वर्षीय बिरामीको प्राथमिक उपचार र डिस्चार्जका क्रममा लापर्वाही भएको भन्दै अदालतले ओम हस्पिटललाई ८० प्रतिशत (रू ५० लाख ७० हजार) र उपचारमा संलग्न दुई डाक्टरलाई १०/१० प्रतिशत (प्रतिडाक्टर रू तीन लाख पाँच हजारका दरले) क्षतिपूर्ति तिराउने निर्णय गऱ्यो ।

कुनै पनि बिरामीको ज्यान जानु अत्यन्तै दुःखद् विषय हो र पीडितले न्याय पाउनैपर्छ तर मेडिकल विज्ञानको जटिलता, आकस्मिक अवस्था र बिरामीको शारीरिक प्रतिक्रियालाई गैर–मेडिकल प्रशासनिक न्यायाधीशहरूले व्यापारिक ऐनको कसीबाट मूल्याङ्कन गर्दा समग्र चिकित्सा क्षेत्रमा त्रासको वातावरण सिर्जना भएको छ ।

**स्वास्थ्य सेवा व्यापार होइन**

व्यापारिक क्षेत्रमा 'ग्राहक' र 'विक्रेता' बीचको सम्बन्ध नाफा–घाटा र वस्तुको खरीद–बिक्रीमा आधारित हुन्छ । यदि तपाईंले बजारबाट कुनै सामान वा टिभी किन्नुभयो र त्यो बिग्रियो भने त्यसलाई फेर्न वा क्षतिपूर्ति माग्न सकिन्छ, किनकि त्यो निर्जीव वस्तु हो । तर चिकित्सक र बिरामीको सम्बन्ध नाफाको व्यापार होइन । यो आस्था, मानवीय संवेदनशीलता र नैतिक उत्तरदायित्वमा टिकेको हुन्छ । कुनै पनि चिकित्सकले बिरामीलाई जानीजानी हानि पुऱ्याउने नियत राख्दैन। मानव शरीर कुनै कलकारखानामा बनेको मेसिन होइन, जहाँ एउटै नियम वा औषधि सबैलाई समान रूपमा लागू होस् । प्रत्येक व्यक्तिको शारीरिक बनावट, रोग प्रतिरोधात्मक क्षमता र तत्कालीन अवस्था फरक–फरक हुन्छ। त्यसैले स्वास्थ्योपचारलाई अन्य व्यापारिक सेवासँग तुलना गरेर 'उपभोक्ता ऐन' को घेरामा राख्नु कानुनी र व्यावहारिक दुवै दृष्टिले गलत छ ।

**उपभोक्ता ऐनको त्रास**

जब स्वास्थ्य सेवालाई उपभोक्ता ऐनमा राखियो र डाक्टरहरु माथि करोडौं रूपैयाँ क्षतिपूर्तिको मुद्दा पर्न थाल्यो, त्यसको प्रत्यक्ष दुष्परिणाम बिरामीहरूले नै भोग्नुपरिरहेको छ । डाक्टरहरूमा कानुनी झमेला र करोडौं क्षतिपूर्तिको त्रास सिर्जना भएकाले नेपालमा 'डिफेन्सिभ मेडिसिन' को विभिन्न खालका विकृतिहरु भित्रिएका छन् । जटिल वा गम्भीर अवस्थाका बिरामी अस्पताल आउँदा कानूनी झमेला र उपभोक्ता अदालतको डरले डाक्टरहरूले जोखिम मोलेर उपचार गर्नुको सट्टा अन्यत्र रिफर' गर्ने वा हात हाल्न नमान्ने प्रवृत्ति बढेको छ। यसले गर्दा आपत्कालीन अवस्थाका धेरै बिरामीहरूले समयमा उपचार नपाई अकालमै ज्यान गुमाउनुपर्ने अवस्था सिर्जना भएको छ ।

त्यति मात्र होइन, अनावश्यक परीक्षण र महँगो उपचारको अवस्था पनि सिर्जना भएको छ । कानुनी बचाउका लागि डाक्टरहरूले सानो शङ्का लाग्दा पनि बिरामीलाई धेरै किसिमका महँगा सिटी स्क्यान, एमआरआई र अनावश्यक प्रयोगशाला परीक्षणहरु गराउन बाध्य हुनु परेको छ । यसको प्रत्यक्ष आर्थिक भार अन्ततः गरिब तथा विपन्न बिरामीकै खल्तीमा परेको छ ।

**अन्तर्राष्ट्रिय अनुभवबाट सिक्नुपर्ने पाठ**

दक्षिण एसियाली तथा पश्चिमी देशहरूको अनुभवले पनि स्वास्थ्यलाई उपभोक्ता ऐनमा राख्दा उल्टै सर्वसाधारणलाई नोक्सान पुगेको देखाउँछ । भारतमा सन् १९९५ पछि स्वास्थ्य सेवालाई उपभोक्ता ऐनभित्र समावेश गरियो । त्यसपछि अदालतमा लाखौं मुद्दाहरु थुप्रिए, डाक्टरहरूले बचाउत्मक उपचार गर्न थाले र भारतमा उपचार खर्च तीव्र रूपमा महँगियो । अमेरिका र पश्चिमी देशहरूमा पनि भएका अभ्यासहरूबाट पनि धेरै कुराहरु सिक्नुपर्ने हुन्छ । अमेरिकामा 'मेडिकल मालप्राक्टिस' सम्बन्धी कडा कानुन र अर्बौं डलर क्षतिपूर्ति तोक्ने प्रणाली छ । यसले गर्दा डाक्टरहरूले तिर्नुपर्ने बीमा को प्रिमियम अत्यधिक महँगो छ, जसले गर्दा अमेरिकामा उपचार विश्वकै सबैभन्दा महँगो बनेको छ । नेपालजस्तो विकासोन्मुख देशले यस्तो महँगो प्रणाली धान्न सक्दैन ।

**वास्तविक समाधान के हो त?**

स्वास्थ्य सेवालाई उपभोक्ता ऐनबाट हटाउनुको अर्थ डाक्टरहरूलाई मनपरी गर्न दिनु वा उन्मुक्ति दिनु पटक्कै होइन । यदि कुनै डाक्टरले गम्भीर लापर्वाही गर्छ भने उसलाई कारबाही हुनैपर्छ र पीडित बिरामीले न्याय पाउनैपर्छ तर त्यसका लागि व्यापारिक अदालत होइन, विशेषज्ञ निकाय हुनुपर्छ । यसका लागि नेपाल मेडिकल काउन्सिलभित्र 'मेडिको–लिगल ट्रिब्युनल' गठन गर्न सकिन्छ। काउन्सिलभित्र पूर्व न्यायाधीशको अध्यक्षतामा विषयगत विशेषज्ञ डाक्टरहरु, उपभोक्ता अधिकारकर्मी र बायोएथिस्टहरु रहेको छुट्टै न्यायपीठ बनाइनुपर्छ । यसले उपचारमा 'प्रक्रियागत त्रुटि' वा 'बदनियत' थियो कि थिएन भन्ने वैज्ञानिक छानबिन गर्छ ।

त्यस्तै डाक्टर र अस्पतालहरूका लागि अनिवार्य पेसागत बिमाको व्यवस्था गरिनुपर्छ । यदि ट्रिब्युनलले उपचारमा त्रुटि भएको ठहर गरेमा क्षतिपूर्तिको रकम डाक्टरको व्यक्तिगत सम्पत्ति वा खल्तीबाट नभई बीमा कम्पनीको कोषबाट पीडित बिरामीलाई तत्काल उपलब्ध गराइन्छ। स्वास्थ्य सेवा कुनै व्यापारिक कारोबार होइन; यो नागरिकको जीवनसँग जोडिएको संवेदनशीलता हो । यदि हामीले स्वास्थ्य सेवालाई व्यापार र बिरामीलाई केवल 'ग्राहक' का रूपमा हेरिरह्यौं भने डाक्टरहरु बचाउत्मक मोडमा जानेछन्, उपचार प्रक्रिया झन् महँगो र झन्झटिल हुनेछ, र जटिल बिरामीहरूले समयमा उपचार नपाई अकालमै ज्यान गुमाउनु पर्नेछ।

त्यसैले आम नागरिकको हित, डाक्टरहरूको सुरक्षा र देशको स्वास्थ्य प्रणालीलाई जोगाउनका लागि उपभोक्ता संरक्षण ऐन, २०७५ को दफा २ (ध) संशोधन गरी स्वास्थ्य सेवालाई यो ऐनबाट पूर्ण रूपमा अलग गरिनुपर्छ । स्वास्थ्य क्षेत्रलाई बचाउनु भनेको अन्ततः आम नागरिककै जीवन र स्वास्थ्यको रक्षा गर्नु हो । रासस

(लेखक नेपाल मेडिकल एसोसिएसनका महासचिव हुनुहुन्छ)

facebook twitter



**Bishnu Rijal**
x.com/bishnurijal1

जान्ने नभेटिएका हुन् कि छान्ने नभेटिएका हुन् ? बालेन शाह नेतृत्वको सरकारले ६ देशका राजदूत फिर्ता बोलाएको आज ठ्याक्कै चार महिना भएछ। अहिलेसम्म १६ देशका दूताबास राजदूतविहीन छन् भने ५ देशमा म्याद सकिएका राजदूत कामचलाउ अवस्थामा छन् । आफ्नै प्रतिनिधि त समयमै नियुक्त गर्न नसक्ने सरकारले हाम्रो परराष्ट्र सम्बन्ध र कूटनीति कति गम्भीरताका साथ सञ्चालन गरिरहेको छ भन्ने यसबाट सहजै बुझ्न सकिन्छ । एकल सरकार, तेजतर्रार प्रधानमन्त्री, उही पार्टीका परराष्ट्रमन्त्री र खुल्ला आवेदनका नाममा २७ सय जनाको अपारदर्शी बिन्तिपत्र ग्रहण भइसक्दा पनि राजदूत नियुक्त गर्न नसक्नुले 'जान्नेलाई छान्नेहरू'को सरकारको अयोग्यता मात्र प्रकट भएको छैन, अन्तर्राष्ट्रिय स्तरमा हाम्रो मुलुकको घोर बेइज्जत भएको छ ।



**Bimalendra Nidhi**
x.com/BimalendraNidhi

काँग्रेस सभापति शेरबहादुर देउवा र का.बा. सभापति पूर्ण बहादुर खड्काद्वारा दिईएको निवेदनमा सर्वोच्च अदालतले पुनरावलोकन गर्न अनुमति दिएको छ। यो सर्वाधिक खुशीको कुराहो। अब शुरूदेखि सुनवाइ हुनेछ र संविधान, प्रचलित कानुन तथा पार्टीको विधान अनुसार निर्णय आउने पूरा विश्वास छ । जय होस् !

# एआई प्रविधिमा आधारित छातीको एक्स-रे शिविर

**भञ्ज्याङ समाचारदाता/भिमाद**

तनहुँको भिमाद नगरपालिकाको आयोजना तथा जापान नेपाल स्वास्थ्य तथा क्षयरोग अनुसन्धान संस्था र प्रदेश जनस्वास्थ्य कार्यालयको प्राविधिक सहयोगमा भिमाद नगरपालिका–९ च्यानडाँडामा एआई (कृत्रिम बुद्धिमत्ता) प्रविधिमा आधारित निःशुल्क छातीको एक्स–रे परीक्षण शिविर सम्पन्न भएको छ।



बिहीबार आयोजित शिविरमा लक्षित समूहका २७६ जनाको छातीको एक्स–रे परीक्षण गरिएको नगरपालिकाले जनाएको छ। परीक्षणका क्रममा २४ जनामा क्षयरोगको सम्भावित लक्षण देखिएपछि उनीहरूको खकार नमुना थप परीक्षणका लागि प्रदेश अस्पताल दमौली पठाइएको छ ।

समुदायस्तरमै आधुनिक एआई प्रविधिको प्रयोग गरी छातीसम्बन्धी रोग, विशेषगरी क्षयरोगको प्रारम्भिक पहिचान गर्ने उद्देश्यले सञ्चालन गरिएको शिविरले स्थानीय नागरिकलाई सहज स्वास्थ्य सेवा उपलब्ध गराउनुका साथै रोगको समयमै पहिचान र उपचार प्रक्रियालाई प्रभावकारी बनाउन सहयोग पुगेको विश्वास गरिएको छ ।

भिमाद नगरपालिकाले समुदायको स्वास्थ्य सुरक्षालाई प्राथमिकतामा राख्दै आगामी दिनमा पनि यस्ता स्वास्थ्य परीक्षण तथा जनचेतनामूलक कार्यक्रमलाई निरन्तरता दिने जनाएको छ ।

# तनहुँमा पशु .....

त्यसअन्तर्गत परीक्षणका रूपमा 'मिल्क एटिएम' सञ्चालन गरिने भएको छ । दूध सहकारीमार्फत सञ्चालन गरिने यस प्रणालीमा उपभोक्ताले एटिएमबाट नगद झिकेझैं आवश्यक परिमाणमा दूध खरिद गर्न सक्ने व्यवस्था गरिने कार्यालय प्रमुख अधिकारीले जानकारी दिए । कार्यक्रम सफल भए आगामी वर्ष अन्य स्थानमा समेत विस्तार गरिने योजना रहेको उनले बताए ।

यस्तै, कार्यक्रममा कृषि विकास कार्यालय तनहुँका प्रमुख परशुराम अधिकारीले चालु आर्थिक वर्षका कृषि विकाससम्बन्धी स्वीकृत कार्यक्रम सार्वजनिक गर्दै किसानमुखी, उत्पादनमुखी तथा प्रविधिमा आधारित कृषि प्रणालीलाई प्राथमिकता दिइएको बताए । उनले कृषि र पशुपालनलाई एकीकृत रूपमा अघि बढाउँदै किसानको उत्पादन वृद्धि, आम्दानी अभिवृद्धि तथा व्यवसायीकरणमा जोड दिइने उल्लेख गरे ।

कार्यक्रममा गत आर्थिक वर्षका कार्यक्रमको समीक्षा गर्दै सेवा प्रवाहलाई अझ प्रभावकारी, प्रविधिमैत्री र किसानको पहुँचभित्र पुऱ्याउने प्रतिबद्धता व्यक्त गरिएको थियो । सहभागीहरूले आधुनिक पशु स्वास्थ्य सेवा विस्तारले पशुपालन व्यवसायलाई थप सुरक्षित, व्यावसायिक र उत्पादनमुखी बनाउन महत्वपूर्ण योगदान पुग्ने विश्वास व्यक्त गरेका छन् ।

**भञ्ज्याङ पब्लिकेशन प्रा.लि.**द्वारा प्रकाशित **भञ्ज्याङ राष्ट्रिय दैनिक** पत्रिकाको लागि **सम्पादक** : नारायण खड्का ।
**कार्यालय** : ब्यास–२, दमौली, तनहुँ । **फोन:** ०६५–५६३९०७, E-mail:- bhanjyangdml@gmail.com, Web : www.bhanjyangnews.com **मुद्रण** :– विज्ञान प्रिन्टर्स दमौली, फोन : ०६५–५६०१२४